छत्रदेव गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छत्रगञ्ज, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

# वैदेशिक रोजगारीबाट फर्किएका युवा लक्षित कार्यक्रम संचालन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७९/०८/२७

छत्रदेव गाउँपालिकाको आ.व. २०७९/८० को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारी बाट फर्किएका युवालाई व्यवसायिक कृषि/पशुपालन सम्बन्धी कार्यक्रमको माध्यमबाट स्वरोजगार प्रवर्द्धन गर्ने कार्यक्रम रहेको हुदा इच्छुक १८देखि ५० वर्ष उमेर पुगेका वैदेशिक रोजगारीबाट फर्किएका युवाहरुबाट निर्धारित ढाँचामा आवेदन/ प्रस्ताव तयार गरी आवश्यक कागजात सहित सूचना प्रकाशन भएको मितिले १५औं दिनको कार्यालय समय भित्र सम्बन्धित वडा कार्यालयमा आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ । आवेदन फारम यस कार्यालय तथा कार्यालयको वेवसाइट www.chhatradevmun.gov.np बाट प्राप्त गर्न सकिने व्यहोरा अनुरोध छ ।

आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु

१. अनुसुची २ बमोजिमको निवेदन ।
२. अनुसुची ३ बमोजिमको संक्षिप्त कार्ययोजना ।
३. निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
४. विषयगत तालिम लिएको भए सो को प्रतिलिपि ।
५. पासपोर्टको प्रतिलिपि (भारत बाहेक)।
६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
७. विदेश बसेको प्रमाण (भारतको हकमा कम्तिमा १ वर्ष बसेको सम्बन्धित वडा कार्यालयको सिफारिस र अन्य भिसा लाग्ने मुलुकको हकमा गएको र फर्किएको भिसाको प्रमाणित प्रतिलिपि)

| क्र. स. | कार्यक्रम | कार्यक्रम सञ्चालन हुने संख्या | क्रियाकलाप | अनुदानको सिमा |
|---|---|---|---|---|
| १. | वैदेशिक रोजगारीबाट फर्किएका युवा लक्षित कार्यक्रम | छत्रदेव गा.पा.भर १० वटा | व्यवसायीक तरकारी खेति/च्याउ खेती/मौरीपालन/बाख्रापालन/ गाई भैसिपालन/ लोकल कुखुरापालन | ५०% लागत साझेदारीमा बढीमा रु.५० हजार, |

२०७९/८/२६
.................
भेषराज पन्थ
प्रमुख प्रशासकीय अधिकृत